# आरुघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## आरुघाट ,गोरखा
## गण्डकी प्रदेश ,नेपाल

आरुघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आरुघाट, गोरखा गण्डकी प्रदेश, नेपाल

# नदीजन्य पदार्थको बिक्री शूल्क उठाउने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना !!

*दोस्रो पटक प्रकाशन मितिः२०८२/०९/१८*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को (दफा ११ र ६४) ले दिएको अधिकार प्रयोग गरी यस आरुघाट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको निर्णयानुसार प्राकृतिक स्रोत कर असुली सम्वन्धी कार्य आ.व. २०८२/०८३ को लागि नदिजन्य पदार्थको उत्खनन, संकलन तथा विक्री कार्य ठेक्का मार्फत गराउन यो सूचना प्रकाशित गरिएको छ। कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले मिति २०८२/०९/२४ गते कार्यालय समय भित्र दरभाउपत्र खरिद गरी मिति २०८२/०९/२५ गते १२ बजे भित्र दरभाउपत्र फारम पेश गर्नुहुन सुचित गरिन्छ। अन्य थप जानकारीको लागि यस गाउँपालिकाको सूचनापाटी वा वेभसाइट www.aarughatmun.gov.np तथा कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

<u>तपसिल</u>

| ठेक्का नं | ठेक्का विवरण | अधिकतम परिमाण (घ.मि.) | न्यूनतम ठेक्का अंक रु. (मु.अ.क.बाहेक) | दरभाउ पत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| ARU/Rev/02/2082-083 | स्तुलखोला घाट (२८°३'४५.२९" ८४°४८'३३.०५") | ३५७२ | ८८२१४२ | १०००/ | कबोल अंकको ५ (पाँच) प्रतिशत |
| ARU/Rev/03/2082-083 | सातदोबाटो बाट चुरुंग जाने झोलुंगे पुल जाने खहरे खोला(२८°४'१९.१७" ८४°४७'९.८७") | ९१४ | २२५७२२ | | |
| ARU/Rev/05/2082-083 | मौदी खोला लामबगर घाट (२८°२'३५.११" ८४°४६'७.४८") | ४३९ | १०८४१६ | | |
| ARU/Rev/07/2082-083 | छोटे खोला घाट (२८°१०'३१.४६" ८४°५४'५५.२३") | ६३३ | १५६३२६ | | |

<u>आवश्यक कागजात तथा शर्तहरुः</u>

१. माथि उल्लेखित ठेक्काहरुको लागि छुट्टाछुट्टै दरभाउपत्र फारम खरिद गरी पेश गर्नुपर्ने छ। दरभाउपत्र आब्हानको सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी कार्यालयबाट रीतपुर्वकको शिलबन्दी दरभाउपत्र फारम खरिद गर्न सकिने छ । दरभाउ पत्र फारम खरिद गर्दा निबेदन सहित फर्म ,संस्था वा कम्पनीहरुले

भिमसेन श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

व्यवसाय दर्ता प्रमाण पत्र ,स्थायी लेखा नम्बर /मु.अ.क. करको दर्ता प्रमाणपत्र तथा संस्था नविकरण र आ.व.२०८१/०८२ सम्मको आयकर चुक्ता/म्याद थप भएको प्रमाणपत्रको प्रतिलिपिका साथ पेश गर्नुपर्नेछ। दरभाउपत्र सूचना प्रकाशन भएको मितिले ८ औं दिन मिति २०८२/०९/२५ गते दिनको १२ बजे भित्र पेश गर्नु पर्नेछ । दरभाउ पत्र फारम खरिद गर्ने,दाखिलागर्ने र खोल्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ । म्याद नाघी आएको र रीत नपुगेको दरभाउ उपर कुनै कारबाही गरिने छैन ।

२. शिलबन्दी दरभाउपत्र दस्तुर आरुघाट गाउँपालिका राजस्व इकाईमा जम्मा गरेको रसिद सहित खरिद गर्न सकिनेछ । शिलबन्दी दरभाउपत्र नियमानुसार खरिद भएको दरभाउपत्र फारमको प्रत्येक पानामा सहीछाप र शिलबन्दी गरी खामबाहिर फर्मको नाम,ठेगाना, ठेक्काको नाम,नम्बर लेखी पेश गर्नुपर्ने छ । दरभाउपत्र भर्दा अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ तर अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ ।

३. दरभाउपत्र फारम साथ धरौटी बापत कबोल गरेको अंकको कम्तिमा ५% ले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, आरुघाटको धरौटी खाता न. ३२१०१००३०३०१०००२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा ७५ दिन मान्य अवधि भएको बैंक जमानतपत्र पेश गर्नुपर्ने छ ।

४.. रीतपूर्बक दर्ता भइ पेश हुन आएका दरभाउपत्र फारमहरु ८ औ दिन (मिति २०८२/०९/२५) गते १३:०० बजे कार्यालय प्रतिनिधि एवं दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधापर्ने छैन ।

५. दरभाउपत्र स्वीकृत भएको सुचना पाएको मितिले ७ दिनभित्र सम्बन्धित ठेक्काको कवोल अंकको १३% ले हुने मु.अ. कर र १.५ % ले हुन आउने आग्रिम आय कर रकम आन्तरिक राजस्व कार्यालयमा दाखिला भएको प्रमाण र मु.अ.कर (VAT) बाहेक ठेक्का अंकको ५०% ले हुनआउने रकम यस कार्यालयको खातामा दाखिला गर्नु पर्नेछ र बाकि ५०% ले हुन आउने रकम बराबरको २०८३ साल आषाढ मसान्तसम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) सम्झौता गर्दाको समयमै पेश गर्नुपर्ने छ र बाकी ५०% रकम २०८२ साल चैत मसान्तसम्म नियमानुसार बुझाई सक्नुपर्ने छ । तोकिएको समय भित्र बाकी ५०% रकम दाखिला नगरेमा ठेक्का सम्झौता गर्दा पेश गरेको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) बाट किस्ता रकम अशुल उपर गरी अर्को व्यवस्था गर्न सकिनेछ ।

६. ठेक्का कायदिश लिएको मितिदेखि मात्र ठेक्का चलान गर्न पाइनेछ। साथै तोकिएको परिमाण उठाईसकेमा ठेक्का समयावधि समाप्त हुनेछ,तर नसकेको अवस्थामा ठेक्काको अवधि २०८३ साल जेष्ठ मसान्त सम्म मात्र हुनेछ ।

७. ढुंगा गिट्टी बालुवाको उत्खनन संकलन तथा बिक्री कार्य सम्बन्धमा केन्द्रीय अनुगमन समिति ,प्रदेश स्तरीय अनुगमन समिति,जिल्ला अनुगमन समिति एवं गाउँपालिका स्तरीय अनुगमन समितिबाट निर्देशन भए बमोजिम हुनेछ ।

८. यस सुचनामा उल्लेख नभएका बिषयहरु आरुघाट गाउँपालिका ,गाउँ कार्यपालिकाको निर्णय ,सार्बजनिक खरिद ऐन ,२०६३ (संशोधन सहित),सार्बजनिक खरिद नियमावली २०६४ (संशोधित) एवं प्रचलित ऐन तथा कानुन बमोजिम हुनेछ ।

९. ढुंगा गिट्टी बालुवाको उत्खनन संकलन तथा बिक्री कार्य गर्दा आरुघाट गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित शर्तहरुको पालना गर्नुपर्नेछ । IEE प्रतिवेदनबारे तथा अन्य बिषयमा बुझ्न आवश्यक भएमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

भिमसेन श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

भिमसेन श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner